एन आई सी एशिया बैंक लि.

बैंक पनि साथी पनि
रामो पनि हाम्रो पनि

ISO 9001 Certified Bank

CARE-NP A-(Is)

## प्रेस विज्ञप्ति

आषाढ १९, २०७९

## एन आई सी एशिया बैंकद्वारा मोबाइल बैंकिङ्ग एप (NIC ASIA MoBank) लाई Omnichannel App मा स्तरोन्नति

डिजिटल बैंकिङ्गमा अग्रणी स्थानमा रही नवीनतम प्रविधिद्वारा बैंकिङ्ग सेवा तथा सुविधा प्रदान गर्दै आईरहेको यस एन आई सी एशिया बैंकले Omnichannel प्रणालीमा आधारित मोबाइल बैंकिङ्ग एप (NIC ASIA MoBank) को शुभारम्भ गरेको छ । 'डिजिटल फस्ट बैंक' बन्ने दीर्घकालीन रणनीति अनुरुप सम्पूर्ण बैंकिङ्ग सेवा तथा सुविधाहरू क्रमिक रुपले डिजिटल माध्यमबाट प्रदान गर्ने हेतुले यस बैंकले यस Omnichannel App मार्फत जुनसुकै स्थानबाट, जुनसुकै समयमा स्मार्ट फोनबाटै अधिकतम बैंकिङ्ग सेवाहरू उपभोग गर्न मिल्ने हिसाबले बैंकमा खाता भएका एवं नभएका ग्राहक महानुभावहरुलाई लक्षित गर्दै यो नयाँ सेवाको शुभारम्भ गरेको हो । हालका NIC ASIA MoBank प्रयोगकर्ताहरुले वर्तमान NIC ASIA MoBank एपलाई अपडेट गरी Omnichannel App मा स्तरोन्नति गर्न सक्नुहुनेछ भने नयाँ ग्राहक महानुभावहरुले Play Store वा App Store बाट डाउनलोड गरी प्रयोग गर्न सक्नुहुनेछ ।

'सबथोक यसमै छ' भन्ने नाराका साथ सुरु गरिएको Omnichannel App बाट ग्राहक महानुभावहरुले अधिकतम बैंकिङ्ग सेवाहरु सहज एवं सरल रुपमा उपभोग गर्न सक्नुहुनेछ र निकट भविष्यमा अझ बढी सेवाहरु यसै एपमार्फत दिन तयारी बैंकले गरिरहेको छ । स्तरोन्नति पश्चात् यस एपबाट ग्राहक महानुभावहरुले नगद जम्मा तथा चेक जम्मा गर्न आवेदन दिने देखि नयाँ डेबिट कार्ड तथा प्रिपेड डलर कार्ड अनुरोध, मुद्दती खाता खोल्न, चेक अनुरोध, ई-कमर्श सुचारु, स्कीम ट्रान्सफर, लकर सुविधा लिन लगातका धेरै भन्दा धेरै बैंकिङ्ग सेवाहरु Omnichannel App मार्फत डिजिटल प्राप्त गर्न सक्नुहुनेछ । साथै, यस बैंकमा खाता नहुनुभएको महानुभावले पनि यस एप डाउनलोड गरी डिजिटल वालेटको रुपमा प्रयोग गर्न सक्नुहुनेछ । जसबाट समेत QR भुक्तानी, युटिलिटी बील भुक्तानी लगायत अनेकौं सेवा लिन सक्नुहुनेछ । ग्राहक महानुभावको उक्त वालेटमा केवाईसी अद्यावधिक गरेपश्चात् भने सो वालेट प्रयोगकर्तालाई बैंकको खातावाला बन्न समेत सकिने व्यवस्था रहेको छ ।

बैंकलाई आम जनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंकप्रतिको भरोसाले गर्दा यो बैंक मुलुकभर रहेका ३५९ शाखा कार्यालयहरू, ४७३ एटिएम, १०२ वटा विस्तारित काउन्टर एवं ८१ वटा शाखा रहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन पुगेको छ । देशको कुल जनसंख्या मध्ये २० वर्ष देखि ५० वर्ष उमेर समूहसम्मको आर्थिक रूपमा सक्रिय जनसंख्याको करिब २५% जनतालाई यस बैंकमार्फत सेवा दिन बैंक सफल भएको छ । उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै आएको यस बैंकले प्रत्यक्ष र अप्रत्यक्ष गरी गत आर्थिक वर्षमा करिब रू.३ अर्ब १६ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ । जुन मुलुकको वाणिज्य बैंकहरूमध्ये दोस्रो धेरै एवं समग्र देशको अन्य कम्पनीहरूको तुलनामा छैठौं ठूलो योगदान रहेको छ । वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ,

NIC ASIA BANK LTD.
REGISTERED OFFICE KATHMANDU

रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ । देशको कुल जनसंख्याको ८०% भन्दा बढी बसोबास गर्ने ग्रामीण तथा साना सहरी क्षेत्रमा बैंकले आफ्ना ७२% शाखा कार्यालयहरू स्थापना गरेको छ ।

NIC ASIA BANK LTD.
REGISTERED OFFICE
KATHMANDU

सुधिर नाथ पाण्डे
नायब प्रमुख कार्यकारी अधिकृत (प्रमुख सूचना अधिकारी)